# पैतृक सम्पत्तिमा अंश वण्डाको इस्लामीय तरिका

[ **नेपाली** - Nepali - نيبالي ]


**लेखकः**

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

**रिसर्च स्कालरः उम्मुल कुरा विश्वविद्यालय**
**पवित्र मक्का सउदी अरब**


# كيفية تقسيم التركة والميراث في الشريعة الإسلامية

« باللغة النيبالية »


**تأليف**

**عتيق الرحمن محمد إدريس خان مكي**

بسم الله الرحمن الرحيم

**सर्वाधिकार लेखकमा सुरक्षित छ ।**

**पुस्तक पाइने ठेगाना** -:

***इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका**
**वा.नं. ४ छोट्की तौलिहवा कपिलवस्तु (नेपाल)**
**सम्पर्क नं. ००९७७-९८०८८४०७४१**
***इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज**
**सउदी अरबीया**
**Email- atiqkhannp1982@yahoo.com**

To connect Author: 0501372254
للتواصل مع المؤلف: 0501372254
लेखकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
दोस्रो प्रकाशन साल २०२० ई.सं.
**नि:शुल्क वितरणको लागि मात्र**

# प्रस्तावना

**बिस्मिल्लाहिर्रहमानिर्रहीम**

**अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैंयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैंयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)**

**समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गऱ्यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम सदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरूमाथि र उनी सबैहरूमाथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मदको पद्धतिलाई उत्तम मानी उसैमाथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।**

**प्रस्तुत पुस्तिकामा मृतकले छाडेर गएको सम्पत्तिमा वारिसहरुलाई कति र कुन अवस्थामा के कसरी अंश मल्निेछ यसै सन्दर्भमा कुरा गरिएको छ । किनकि हाम्रो नेपाली समाजमा यसको ज्ञान नभएको कारण अधिकांश मानिसहरु हकवालाको हक खाइदिन्छन् । र यस सन्दर्भका समस्त कुराहरूलाई कुरआन र हदीसको प्रकाशमा सिद्ध गरिने प्रयत्न पनि गरिएको छ । म अल्लाहसित यो याचना गर्दछु कि अल्लाह मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै मेरो पाठकवर्गसित सादर अनुरोध छ कि यस लेखमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा सम्पर्क गरेर त्यससित हामीलाई अवगत गराइदिएमा म तपाईको आभारी हुनेछु ।**

**मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाइदा पुऱ्याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाहसित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)**

**लेखक**


**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ४ छोट्की**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
**रिसर्च स्कालर.: उम्मुल् कुरा विश्वविद्यालय**
**पवित्र मक्का सउदी अरब**
email- atiqkhannp1982@yahoo.com
**सम्पर्क नं. ००९७७९८०८८४०७४१**
**सउदी मो. न.** 00966-0501372254
عتيق الرحمن محمد إدريس خان مكي
الجوال 0501372254

**बिस्मिल्लाहिर्रहमानिर्रहीम**

# पैतृक सम्पततिमा छोरीको हक

(وَتَأْكُلُونَ التُّرَاثَ أَكْلًا لَمًّا) الفجر: 19

हाम्रो समाजमा नानाथरीका कुरीतिहरू चलि अएका छन् जसमध्ये एउटा हो पैतृक सम्पत्तिबाट छोरीलाई त्यसको हक नदिनु । नेपालमा हाम्रो मुस्लिम समाजले पनि यो भन्छ किः हामीले छोरीको बिहे गरिदिएँ, अब माइतीको सम्पत्तिमा त्यसको कुनै अधिकार रहेन, तर के यो नै इस्लामको निर्देशन हो? के हामीलाई इस्लाम यो नै सिकाउँछ कि बुवाको मरणोपरान्त त्यसले शेष छाडेको धनलाई भाइहरूले खाइदिउन् र त्यसमा दिदी बहिनीलाई केही नदिउन् ?

हुन त हाम्रो नेपालको कानुन यो नै भन्छ कि बिहे गरे पश्चात त्यसको अंश लाग्दैन, तर के कानुनले तपाईलाई त्यसको इस्लामले तोकेको हकलाई दिनुबाट रोकेको छ ? कदापि यस्तो कुनै कानुन छैन ।

र के तपाईलाई यो बहाना गरेर इस्लामले तोकेको हकलाई उपभोग गर्नु जायज भइहाल्छ? जसरी कि केही मानिसहरूको भनाई छ ।

होइन हे भाइ तपाईले कुनै कानुनले दिदी बहिनी र छोरीको हक दिनुबाट बाध्य गरेको छैन, बरू यो त नेपाली समाजको लागि पनि सराहनीय कार्य सिद्ध हुन्छ, किन भने सबै महिला अधिकारको कुरा त गर्छन् तर उनीहरूको जायज हक अधिकतरले दिँदैनन्, त कम्तिमा तपाई त दिनुस् किनकि यो तपाईको धर्मको निर्देश हो । यदि तपाईले दिनु भएन भने कुन मुखले अल्लाह अगाडि उभिनु हुन्छ ?

<u>पैतृक सम्पत्तिको परिभाषाः</u> बुवा बाजेले अर्नज गरेको धनलाई भनिन्छ जसलाई छाडेर उनी यस संसारबाट जान्छन् । अब यस धनमा ती समस्त धन अउँदैन जसलाई भाइहरूले अर्जन गरेका छन् ।

यसर्थ यदि भाइहरू यस डरले दिदी बहिनीको हक दिदैनन् कि यदि उनी त्यसलाई पैतृक धनबाट हक दिन्छन् भने उनीले अफूले कमाएको सम्पत्तिमा पनि अंश दिनु पर्छ, तर यो एउटा भ्रम हो जुन अज्ञानताले उतपन्न भएको हो, भाइ हो तपाईको कमाइमा तपाइको सन्तानको हक छ नकि दिदी बहिनीको, र केही

अवस्थामा उनीलाई पनि मिल्न सक्छ तर तपाईको सन्तान नभएको खण्डमा ।

र जुन भन्नेहरू यो भन्छन् कि हामीले यसको विवाहमा यति यति खर्च गरेका छौं त्यसैबाट त्यसको अंशको पूर्ति भयो त यो एउटा बहाना मात्र हो, नत्र तपाईको विवाहमा पनि त खर्च भएको थियो अनि तपाई कसरी त्यसबाट अंश लिनुहुन्छ ?

यसर्थ हामीलाई चाहियो कि हामी यसमा विचार गरेर व्यवहारमा ल्याउने प्रयत्न गरौं यसैमा हाम्रो सफलता छ ।

# त हामीलाई यो थाहा भयो कि पैतृक सम्पत्तिमा छोरा र छोरी दुवैको अंश छ चाहे छोरीको विवाह भएको होस् वा नभएको होस् ।

# भाइले कमाएको सम्पत्तिमा दिदी बहिनीको अंश लाग्दैन भाइसित सन्तान भएको खण्डमा ।

# पैतृक सम्पत्तिमा भाइभन्दा अघि आमा र दिदी बहिनीको लागि इस्लामले तोकेको अंश दिइन्छ, अनि बाँकी बचेको सम्पततिलाई भाइहरूमा वितरण गरिन्छ इस्लामले निर्धारित गरेको कानुन बमोजिम ।

यसर्थ हे भाइ आफूलाई नर्कको आगोबाट बचाउने उद्देश्यले दिदी बहिनीको हक दिइहालनुस्, किनकि यो

हुकूकुल् इबाद अर्थात भक्तहरूको हक अन्तर्गत अउँछ जसलाई अल्लाह माफ गर्ने छैनन् । यदि तपाईले यस हकलाई दिनु भएन भने प्रलयको दिन यसको भरपाई गर्नु नै पर्नेछ ।

अल्लाह हामी सबैलाई सत्य भन्ने र सोही अनुसार कर्म गर्ने सुअवसर प्रदान गरून्, अमीन ।

कसैको अंश नदिनु वा त्यसलाई अनाहक खाइदिनु इस्लामीय निर्देशन अनुसार महापाप हो, जस कारण मान्छेलाई नर्कको आगोमा जल्नु पर्नेछ, यसर्थ यसबारे ज्ञान ग्रहण गरेर त्यसैको आधारमा भाग बण्डा गर्नु अति आवश्यक छ ।

## पैतृक सम्पत्तिबाट अंश पाउने कारणहरु

१- विवाह

२- अभिभावकत्व

३- वंश

अर्थात तीन कुरा हुनाले मान्छेलाई पूर्ण सम्पत्तिबाट इस्लामले मान्छेको लागि तोकेको अंश मिल्नेछ, त

विवाह भएको कारण पत्नीलाई पतिको सम्पत्तिबाट र पतिलाई पत्नीको सम्पत्तिबाट अंश मिल्नेछ, यस्तै दासलाई मुक्त गरेमा त्यसको सम्पत्तिमा अंश मिल्नेछ, यस्तै वंशको आधारमा पनि अंश मिल्नेछ ।

## पुरुषहरुमध्येबाट अंश पाउनेहरुको तालिका

१- छोरा ।

२- छोराको छोरा (नाती) जति तल्लो श्रेणीको होस् ।

३- पिता ।

४- पिताको पिता (बाजे) ।

५- साक्खै भाइ ।

६- पिताको कारण भएको भाइ । (अर्थात जुन भाइ पिताको अर्को स्वास्नीबाट जन्मेको होस् ) ।

७- आमाको कारण भएको भाइ । (अर्थात जुन भाइ आमाको अर्को पतिबाट जन्मेको होस् ) ।

८- साक्खै भाइको छोरा, जति तल्लो श्रेणीको होस् ।

९- पिताको कारण भएको भाइको छोरा, जति तल्लो श्रेणीको होस् ।

१०- साक्खै काका ।

११- पिताको कारण भएको काका (अर्थात जुन काका बाजेको अर्को स्वास्नीबाट जन्मेको होस् ) ।

१२- साक्खै काकाको छोरा, जति तल्लो श्रेणीको होस् ।

१३- पिताको कारण भएको काकाको छोरा, जति तल्लो श्रेणीको होस् ।

१४- लोग्ने (पति) ।

१५- स्वतन्त्र गरेको र स्वतन्त्र गरिएको मान्छे ।

## महिलाहरुमध्येबाट अंश पाउनेहरुको तालिका

१- छोरी ।

२- छोराको छोरी (नात्नी) त्यसको पिता जति तल्लो श्रेणीको पनि होस् ।

३- आमा ।

४- बुवाको आमा (हजूर आमा) ।

५- आमाको आमा (नानी)।

६- साक्खै दिदी बहिनी ।

७- पिताको कारण भएको दिदी बहिनी ।(अर्थात जुन दिदी वा बहिनी पिताको अर्को स्वास्नीबाट जन्मेको होस्) ।

८- आमाको कारण भएको दिदी बहिनी । (अर्थात जुन दिदी वा बहिनी आमाको अर्को पतिबाट जन्मेको होस्) ।

९- स्वास्नी (पत्नी) ।

१०- स्वतन्त्र गरेको र स्वतन्त्र गरिएको महिला ।

विरासत र अंशबाट वंचित गरिदिने कुराहरुः

१- हत्या ।

२- दासत्व ।

३- धर्म विविधता ।

अल्लाहको ग्रन्थ पवित्र कुरआनमा तोकिएको निर्धारित अंश जसमा थपघट गर्न पाइदैन

१- पूर्ण सम्पत्तिको आधा (१/२)।

२- एक चौथाई (१/४)) ।

३- आठौं भाग (१/८) ।

४- दुई तिहाई (२/३) ।

५- एक तिहाई (१/३) ।

६- छठौ भाग (१/६) ।

र यसको प्रमाण निम्न श्लोकहरुमा मिल्छः

﴿ يُوصِيكُمُ ٱللَّهُ فِيٓ أَوۡلَٰدِكُمۡۖ لِلذَّكَرِ مِثۡلُ حَظِّ ٱلۡأُنثَيَيۡنِۚ فَإِن كُنَّ
نِسَآءٗ فَوۡقَ ٱثۡنَتَيۡنِ فَلَهُنَّ ثُلُثَا مَا تَرَكَۖ وَإِن كَانَتۡ وَٰحِدَةٗ فَلَهَا

ٱلنِّصۡفُۚ وَلِأَبَوَيۡهِ لِكُلِّ وَٰحِدٖ مِّنۡهُمَا ٱلسُّدُسُ مِمَّا تَرَكَ إِن كَانَ لَهُۥ وَلَدٞۚ
فَإِن لَّمۡ يَكُن لَّهُۥ وَلَدٞ وَوَرِثَهُۥٓ أَبَوَاهُ فَلِأُمِّهِ ٱلثُّلُثُۚ فَإِن كَانَ لَهُۥٓ إِخۡوَةٞ
فَلِأُمِّهِ ٱلسُّدُسُۚ مِنۢ بَعۡدِ وَصِيَّةٖ يُوصِي بِهَآ أَوۡ دَيۡنٍۗ ءَابَآؤُكُمۡ وَأَبۡنَآؤُكُمۡ
لَا تَدۡرُونَ أَيُّهُمۡ أَقۡرَبُ لَكُمۡ نَفۡعٗاۚ فَرِيضَةٗ مِّنَ ٱللَّهِۗ إِنَّ ٱللَّهَ كَانَ عَلِيمًا
حَكِيمٗا ﴿١١﴾ ۞ وَلَكُمۡ نِصۡفُ مَا تَرَكَ أَزۡوَٰجُكُمۡ إِن لَّمۡ يَكُن
لَّهُنَّ وَلَدٞۚ فَإِن كَانَ لَهُنَّ وَلَدٞ فَلَكُمُ ٱلرُّبُعُ مِمَّا تَرَكۡنَۚ
مِنۢ بَعۡدِ وَصِيَّةٖ يُوصِينَ بِهَآ أَوۡ دَيۡنٖۚ وَلَهُنَّ ٱلرُّبُعُ مِمَّا
تَرَكۡتُمۡ إِن لَّمۡ يَكُن لَّكُمۡ وَلَدٞۚ فَإِن كَانَ لَكُمۡ وَلَدٞ فَلَهُنَّ
ٱلثُّمُنُ مِمَّا تَرَكۡتُمۚ مِّنۢ بَعۡدِ وَصِيَّةٖ تُوصُونَ بِهَآ أَوۡ دَيۡنٖۗ وَإِن
كَانَ رَجُلٞ يُورَثُ كَلَٰلَةً أَوِ ٱمۡرَأَةٞ وَلَهُۥٓ أَخٌ أَوۡ أُخۡتٞ فَلِكُلِّ
وَٰحِدٖ مِّنۡهُمَا ٱلسُّدُسُۚ فَإِن كَانُوٓاْ أَكۡثَرَ مِن ذَٰلِكَ فَهُمۡ
شُرَكَآءُ فِي ٱلثُّلُثِۚ مِنۢ بَعۡدِ وَصِيَّةٖ يُوصَىٰ بِهَآ أَوۡ دَيۡنٍ غَيۡرَ
مُضَآرّٖۚ وَصِيَّةٗ مِّنَ ٱللَّهِۗ وَٱللَّهُ عَلِيمٌ حَلِيمٞ ﴿١٢﴾ ﴾ النساء: ١١ - ١٢

**अर्थः अल्लाहले तिम्रा सन्तानहरूको सम्बन्धमा तिमीलाई आदेश गर्दछ कि एउटा छोराको अंश दुईटा छोरीहरूको अंशको बराबर छ र यदि मृतकका छोरीहरू मात्र छिन् र दुई भन्दा बढी छिन् भने तिनलाई मृतकको सम्पत्तिबाट दुई तिहाई र यदि एउटी छोरी मात्र छिन् भने उसलाई आधा, र मृतकका आमा बाबु प्रत्येकलाई**

**मृतकले छोडेको सम्पत्तिको छैठौं भाग अंश हो, मृतकका सन्तानहरू भएको खण्डमा । यदि मृतकको सन्तान नभए र मात्र आमा बाबु नै उसको हक़वाला भएको अवस्थामा, एक तिहाई आमाको अंश र यदि मृत्तकका दाजुभाइ पनि छन् भने आमाको छैठौं अंश हो, मृतकको सम्पत्तिको यो अंशवण्डा मृतकले गरेको इच्छापत्रको कार्यान्वयन पछि मात्र वा मृतकले लिएको ऋणको भुक्तानी गरेपछि मात्र गर्नु पर्छ । तिमीलाई थाहा छैन कि तिम्रा बाबु वा छोरामध्ये तिमीलाई फाइदाको दृष्टिकोणले कुन चाहीँ धेरै नजिक छ । यी अंशभाग अल्लाहबाट निर्धारित गरिएका हुन् र निःसदेह अल्लाह सर्वज्ञ र कौशलवाला हो । जुन सम्पत्ति तिम्रा स्वास्नीहरू छोडेर मर्दछिन् यदि तिनका सन्तानहरू छैनन् भने, त्यसबाट आधा भाग तिम्रो हुनेछ र यदि उनको सन्तान छन् भने छाडेर गएको सम्पत्तिबाट तिम्रो भाग एक चौथाई हुन्छ । (तर यो विभाजन) मृत्तकको त्यस इच्छा पत्रको कार्यान्वयन पश्चात हो जुन उसले गरेर गएको छ र उसले लिएकी ऋण तिरिसकेपछि गरिने छ र जुन सम्पत्ति तिमी (पुरुषले) छाडेर मर्छौ र यदि तिम्रा सन्तानहरू छैनन् भने तिम्रा स्वास्नीहरूको त्यसबाट एक चौथाई भाग छ र यदि सन्तान छ भन्ने तिनलाई आठौं भाग छ । (यी भागहरू) तिम्रो इच्छापत्रको कार्यान्वयन पश्चात हो जुन तिमीले गरेका छौ र ऋणको (भुक्तानी पछि) बाँडिने छ । र यदि यस्तो पुरुष अथवा स्वास्नी मान्छेको सम्पत्ति छ, जसको न बाबु छ न छोरा उसको एक दाजु वा भाइ अथवा एक दिदी वा बहिनी छन् भने त्यसबाट प्रत्येकलाई छैठौं भाग हुन्छ र एक भन्दा बढी छन् भने सबै एक तिहाईमा सहभागी हुनेछन् । (यी अंशहरू पनि) इच्छापत्र पूरा भएपछि तथा ऋण तिरेपछि यो शर्तमा कि कसैलाई हानि नोक्सानी न पुगेको होस् । यो अल्लाहको तर्फबाट निर्धारित गरिएको हो र अल्लाह सर्वज्ञ तथा सहनशील छ । (सूरतुन्निसाः ११,१२)**

र यस बाहेक अन्य श्लोकहरु, अब हेर्ने कुरो यो छ कि उपरोक्तमा वर्णित अंशहरु कसलाई मिल्छ र कुन आधारमा मिल्छ त्यसको विवरण अगाडिका गर्नेछु ।

## अल्लाहको ग्रन्थ पवित्र कुरआनमा तोकिएको पूर्ण सम्पत्तिको आधा भाग पाउनेहरुको विवरण र त्यसको विधि

मृतकले छाडेको सम्पत्तिमध्येबाट आधा पाउनेहरु ५ छन्:

१- लोग्ने (पति): मृतक महिलाको पति मृतकले छाडेको पूर्ण सम्पत्तिको आधा भाग अंशमा पाउँछ एक शर्तको साथ, र त्यो हो कि मृतकको कुनै वारिस नहोस् ।

नोट: र यस ठाउँमा मात्र आधा पाउने अवस्थालाई वर्णन गर्दछु, किनकि अवस्था भिन्न भएमा अंश पनि भिन्न भइहाल्छ, जसरी हामीले यो वर्णन गर्यौं कि पति पत्नीको सम्पत्तिबाट आधा भाग अंश पाउने छ जब मृतक पत्नीको कुनै वारिस हकवाला नहोस्, तर यदि त्यसका वारिस छन् भने त्यसको पति आधा भाग अंश पाउँदैन बरु त्यसको अंशमा कमी

आइहाल्छ जसलाई त्यसको उचित ठाउँमा वर्णन गर्नेछु ।

२- छोरी: छोरी मृतकको पूर्ण सम्पत्तिबाट आधा भाग अंश पाउँछे दुई शर्तको साथ:

* त्यसलाई असबा बनाउने कोही नहोस्, जसरी त्यसको भाइ । र असबाको अर्थ हो: अल्लाहले निर्धारित गरेको अंश दिए पश्चात बचेको पूर्ण सम्पत्तिलाई लिनेहरु ।
* त्यसको साथमा त्यसको कुनै सहभागी नहोस्, जसरी त्यसको दिदी बहिनी ।

३- नातिनी: नातिनी मृतकको पूर्ण सम्पत्तिबाट आधा भाग अंश पाउँछे तीन शर्तको साथ:

* मृतकको त्यसभन्दा उच्च श्रेणीको कुनै वारिस नहोस् ।
* त्यसलाई असबा बनाउने कोही नहोस्, जुन नाती हो, तर त्यसैको श्रेणीको हुनु अनिवार्य छ ।
* त्यसको साथमा त्यसको कुनै सहभागी नहोस्, जुन त्यसै झैं श्रेणीको नातिनी हो ।

४- साक्खै दिदी वा बहिनी: यो मृतकको पूर्ण सम्पत्तिबाट आधा भाग अंश पाउँछे चार शर्तको साथ:

* मृतकको कुनै वारिस नहोस् ।

* पुरुषमध्ये कुनै असली (वंशमा उच्च श्रेणीको जसरी बुवा बाजे---) वारिस नहोस् ।
* त्यसलाई असबा बनाउने कोही नहोस्, जुनकि त्यसको साक्खै भाइ हो ।
* त्यसको साथमा त्यसको कुनै सहभागी नहोस्, जुनकि त्यसको साक्खै दिदी वा बहिनी हुन् ।

५- पिताको कारण भएको दिदी वा बहिनी: यो मृतकको पूर्ण सम्पत्तिबाट आधा भाग अंश पाउँछे पाँच शर्तको साथः

* मृतकको कुनै वारिस नहोस् ।
* पुरुषमध्ये कुनै असली वारिस नहोस् ।
* त्यसलाई असबा बनाउने कोही नहोस् ।
* त्यसको साथमा त्यसको कुनै सहभागी नहोस् ।
* कुनै साक्खै भाइ वा दिदी बहिनी नहोउन् ।

## अल्लाहको ग्रन्थ पवित्र कुरआनमा तोकिएको पूर्ण सम्पत्तिको एक चौथाई भाग पाउनेहरुको विवरण र त्यसको विधि

मृतकले छाडेको सम्पत्तिमध्येबाट एक चौथाई भाग पाउनेहरु २ छन्:

१- लोग्ने (पति): मृतकले छाडेको सम्पत्तिमध्येबाट एक चौथाई भाग पति पाउँछ एक शर्तको साथ, र त्यो हो कि मृतकको कुनै वारिस होस् ।

२- स्वास्नी (पत्नी): मृतकले छाडेको सम्पत्तिमध्येबाट एक चौथाई भाग पाउँछे एक शर्तको साथ र त्यो हो कि मृतकको कुनै वारिस नहोस् ।

### अल्लाहको ग्रन्थ पवित्र कुरआनमा तोकिएको पूर्ण सम्पत्तिको आठौं भाग पाउनेहरुको विवरण र त्यसको विधि:

आठौं भाग पाउने मात्र पत्नी हो:

१- स्वास्नी (पत्नी): मृतकको पूर्ण सम्पत्तिबाट पत्नी आठौं भाग अंश पाउँछे एक शर्तको साथ, र त्यो हो कि मृतकको कुनै वारिस होस् ।

## अल्लाहको ग्रन्थ पवित्र कुरआनमा तोकिएको पूर्ण सम्पत्तिको दुई तिहाई भाग पाउनेहरुको विवरण र विधि

दुई तिहाई पाउनेहरु चार थरी छन् ।

१- छोरी: छोरी मृतकको पूर्ण सम्पत्तिबाट दुई तिहाई अंश पाउँछे दुई शर्तको साथ:

* त्यसलाई असबा बनाउने कोही नहोस्, जुनकि मृतकको छोरा अर्थात त्यसको भाइ हो ।
* त्यसको कोही सहभागी होस् , जुन त्यसको दिदी वा बहिनी हो, अर्थात मृतकको छोरी हो ।

२- नातिनी: यो तीन शर्तको साथ कुल सम्पत्तिको दुई तिहाई पाउँछे:

* त्यसलाई असबा बनाउने कोही नहोस्, जुनकि त्यसैको श्रेणीको त्यसको भाइ हो ।
* त्यसको कोही सहभागी होस्, जुनकि त्यसैको श्रेणीको त्यसको दिदी वा बहिनी हो ।
* त्यसको श्रेणीभन्दा उच्च श्रेणीको कुनै वारिस नहोस् ।

३- साक्खै दिदी वा बहिनी: यो चार शर्तको साथ दुई तिहाई पाउँछे:

* पुरुषमध्ये कुनै असली वारिस नहोस्, जुनकि बुवा बाजे आदि हुन् ।
* मृतकको कुनै वारिस नहोस् ।
* त्यसलाई असबा बनाउने कोही नहोस् ।
* त्यसको कोही सहभागी होस्, जुनकि साक्खै दिदी वा बहिनी हुन् ।

४- बुवाको कारण भएकी दिदी वा बहिनी: यो पाँच शर्तको साथ दुई तिहाई पाउँछे:

* पुरुषमध्ये कुनै असली वारिस नहोस्, जुनकि बुवा बाजे आदि हुन् ।
* मृतकको कुनै वारिस नहोस् ।
* त्यसलाई असबा बनाउने कोही नहोस् ।
* त्यसको कोही सहभागी होस् , जुनकि पिताको कारण भएकी दिदी वा बहिनी हुन् ।
* कुनै साक्खै भाइ वा दिदी बहिनी नहोउन् ।

## अल्लाहको ग्रन्थ पवित्र कुरआनमा तोकिएको पूर्ण सम्पत्तिको एक तिहाई भाग पाउनेहरुको विवरण र विधि

एक तिहाई पाउनेहरु दुई छन् ।

१- आमाः आमा मृतकको पूर्ण सम्पत्तिबाट एक तिहाई पाउँछे तीन शर्तको साथः

* मृतकको कुनै वारिस नहोस् ।
* भाइहरू वा दिदी बहिनीहरू एकभन्दा अधिक नहोउन् ।

दुवै उमरी अवस्था नहोस् ।

उमरी अवस्थाः (मस्अलतु उमरीयतैन) मृतक मृत्यु पश्चात पत्नी, आमा, बुवा छाडेको होस् । यस्तै मृतक महिला मृत्यु पश्चात पति, आमा, बुवा छाडेको होस् । त यी दुवै अवस्थालाई अरबी भाषामा मस्अलतु उमरीयतैन भनिन्छ ।

२- आमाको कारण भएका भाइहरूः यिनी तीन शर्तको साथ कुल सम्पत्तिको एक तिहाई पाउँछन्ः

* उनी दुई वा त्यसभन्दा अधिक होउन् ।
* मृतकको कुनै वारिस नहोस् ।
* पुरुषहरूमध्येबाट कुनै असली वारिस नहोस् ।

नोटः बाजेको बारेमा पनि केही विदाहरूले एक तिहाई पाउने कुरा भनेका छन्, तर अधिकांश विदाहरू यस कुरामा सहमति जनाएका छन् कि बाजे एक तिहाई पाउनेहरूमध्येको होइन, यसै कारण मैले बाजेलाई एक तिहाई पाउनेहरूको सूचीमा राखेको छैन ।

## अल्लाहको ग्रन्थ पवित्र कुरआनमा तोकिएको पूर्ण सम्पत्तिको छठौं भाग पाउनेहरुको विवरण र विधि

छठौं भाग पाउनेहरु सात छन् ।

१- बुवा (पिता): पिता मृतकको पूर्ण सम्पत्तिबाट छठौं भाग अंशमा पाउँछ, एक शर्तको साथः
   * मृतकको पुरुषमध्येको कुनै वारिस नहोस् ।

२- बाजेः बाजे दुई शर्तको साथ छठौं भाग अंशमा पाउँछः

* मृतकको पिता नहोस् ।

* पुरुषमध्येको कुनै वारिस नहोस् ।

३- आमा: आमा एक शर्तको साथ छठौं भाग अंशमा पाउँछे:

* मृतकको कुनै वारिस होस्, वा एक अथवा एकभन्दा अधिक भाइ वा दिदी बहिनी नहोउन्।

४- नातिनी: यो दुई शर्तको साथ छठौं भाग अंशमा पाउँछे:

* त्यसलाई असबा बनाउने कोही नहोस् ।

* त्यसको साथमा मृतकको यस्तो छोरी पनि होस् जुन पूर्ण सम्पत्तिको आधा भाग अंशमा पाओस्।

५- बुवाको कारण भएकी दिदी वा बहिनी: दुई शर्तको साथ यो छठौं भाग अंशमा पाउँछे:

* त्यसलाई असबा बनाउने कोही नहोस्, जुनकि बुवाको कारण भएको भाइ हो ।

* त्यसको साथमा साक्खै दिदी वा बहिनी होउन् जुन पूर्ण सम्पत्तिको आधा भाग अंशमा पाउन् ।

६- आमाको कारण भएको भाइ: तीन शर्तको साथ यो छठौं भाग अंशमा पाउँछ:

* त्यो एकलै होस् ।

* मृतकको कुनै वारिस नहोस् ।

* पुरुषमध्येको कुनै असली वारिस नहोस्, जुनकि बुवा बाजे आदि हुन् ।

७- हजुर आमा: हजुर आमा एक शर्तको साथ छठौं भाग अंशमा पाउँछे:

* मृतकको आमा नहोस् ।

## असबाको वर्णन

अल्लाहको ग्रन्थ पवित्र कुरआनमा तोकिएका निर्धारित अंशहरू बाहेक असबाको सांकेतिक वर्णन पनि छ जस्तो कि अल्लाहको यो कथन: (للذكر مثل حظ الأنثيين) अर्थात पुरुषलाई दुई महिला जति भाग अंशमा मिल्नेछ ।

<u>असबाको परिभाषा:</u> पवित्र कुरआनमा तोकिएको निर्धारित अंश वितरण गरे पश्चात बचेको शेष माललाई लिनेहरूलाई असबा भनिन्छ ।

१- कुनै कारणले असबा हुनु, जुन हो, दासलाई मुक्त गरेको मान्छे वा त्यसको असबा ।

२- वंशलेगर्दा असबा । र यो थरी तीन थरीमा विभाजित छ:

१- असबा बिन्नफस (स्वयम् असबा हुनु) ।

२- कसैको हुने कारणले असबा हुनु ।

३- कसैको साथ भएको कारण असबा हुनु ।

# असबा बिन्नफस (स्वयम् असबा हुनु): यसको अर्थ हो ती समस्त पुरुषहरू जसको र मृतकको बीचमा कुनै महिला नहोस् ।

स्वयम् असबाहरू निम्न मानिसहरू हुन्:

१- मृतकको बुवा ।

२- मृतकको बाजे ।

३- मृतकको छोरा ।

४- मृतकको नाती जति तल्लो श्रेणीको होस् ।

५- मृतकको साक्खै भाइ ।

६- मृतकको बुवाको कारण भएको भाइ ।

७- मृतकको साक्खै भाइको छोरा, जति तल्लो श्रेणीको होस् ।

८- मृतकको बुवाको कारण भएको भाइको छोरा जति तल्लो श्रेणीको होस् ।

९- मृतकको साक्खै काका, जति उच्च श्रेणीको होस् ।

१०- मृतकको बुवाको कारण भएको काक, जति उच्च श्रेणीको होस् ।

११- मृतकको साक्खै काकाको छोरा, जति तल्लो श्रेणीको होस् ।

१२- मृतकको बुवाको कारण भएको काकाको छोरा, जति तल्लो श्रेणीको होस् ।

<u>शेष बचेको बाँकी माल पाउनुको उदाहरण:</u>

मर्ने महिलाको दुई वारिस मात्र छन् त्यसको पति र त्यसको बुवा । अब अंश वितरण गर्दा मृतकको पतिलाई पूर्ण सम्पत्तिबाट आधा सम्पत्ति अंश मिल्छ, र बुवा असबा हुने कारणले बचेको सम्पूर्ण माल पाउँछ ।

यस्तै मर्ने मृतकको वारिस छन् आमा, बुवा, दुई छोरा । त भाग वण्डागर्दा आमालाई पूर्ण सम्पत्तिको छठौं भाग अंशमा मिल्नेछ, र बुवालाई पनि छठौं भाग अंशमा मिल्नेछ । र दुबै छोराहरू असबा हुने कारणले बचेको सम्पूर्ण माल पाउँछन्।

# असबा बिल गैर (कसैको हुने कारणले असबा हुनु): यस्ता वारिसहरू चार थरीका छन्:

१- छोरी छोराको साथ, अर्थात आफ्नो भाइको साथ ।

२- नातिनी नातीको साथ, अर्थात आफ्नो भाइको साथ।

३- साक्खै दिदी वा बहिनी एक वा एकभन्दा अधिक, एक वा एकभन्दा अधिक साक्खै भाइहरूको साथ।

४- बुवाको कारण भएकी दिदी वा बहिनी चाहे एकलै होस् वा अनेक, एक वा एकभन्दा अधिक बुवाको कारण भएको भाइको साथ ।

उदाहरणः जसरी "छोरी" छोरा र कुनै सहभागी नभएको खण्डमा पूर्ण सम्पत्तिको आधा भाग अंशमा पाउँछे, र यस्तै छोरीको साथ छोरा छैन तर त्यसको कुनै सहभागी छ भने पूर्ण सम्पत्तिको दुई तिहाई पाउँछे, तर यदि छोरीको साथमा छोरा छ भने छोरी पनि असबा भएर शेष बचेको सम्पत्तिमा भागिदार भइहाल्छे ।

\# असबा मअल गैर (कसैको साथ भएको कारण असबा हुनु)ः र यस्ता वारिसहरू दुई थरीका छन्ः

१- साक्खै दिदी वा बहिनीहरू जब यिनी कुरआनले निर्धारित गरेको अंश पाउँने कुनै महिला वारिसको साथ होउन् ।

२- बुवाको कारण भएकी दिदी वा बहिनीहरू जब यिनी कुरआनले निर्धारित गरेको अंश पाउँने कुनै महिला वारिसको साथ होउन् ।

शर्तः दुवै थरीको असबा हुनुको लागि शर्त यो छ किः यिनीहरूको साथमा कोही असबा बनाउने नहोस् नत्र यिनी असबा मअल गैर नभइकन् असबा बिल गैर भइहाल्छिन् ।

# अल् हजब (रोक्नु, वंचित गर्नु)

परिभाषा: पूर्ण अंशबाट वंचित गरिदिनु वा अंशमा कमी गरिदिनु । जसरी छोरा बुवाको अंशलाई कम गरिदिन्छ, र आमा हजुर आमालाई अंशबाट वंचित गरिदिन्छे । र यसको दुई थरी छ:

१- विशेषतालेगर्दा वंचितता ।

२- व्यक्तिहरूको कारण वंचितता ।

१- विशेषतालेगर्दा वंचितता यो दासत्व, हत्या र धर्म विविधताको कारण हुन्छ, जसरी यदि छोराले बुवाको हत्या गर्यो भने त्यो अंशबाट वंचित भइहाल्छ ।

२- व्यक्तिको कारण वंचितता अर्थात कुनै वारिसको कारण अर्को वारिसको अंशबाट वंचित हुनु, जसरी बुवा बाजेलाई अंशबाट वंचित गरिदिन्छ, र छोरा बुवाको अंशलाई कम गरिदिन्छ ।

नोट: मैले लेखेको कुराहरू बाहेक अरू कुराहरू अंश बण्डाको सन्दर्भमा विद्हरूले वर्णन गरेका छन्, तर म त्यसलाई लेखिराखेको छैन, यसको दुई कारण छ:

पहिलो: ती कुराहरूको सम्बन्ध हिसाब किताबबाट छ अर्थात गणितबाट, मैले लेखेको कुरा बुझ्ने मान्छे

गणितको ज्ञानी पनि छ भने केही हदसम्म त्यो स्वयम् त्यसलाई गर्न सक्छ, तर नबुझेको ठाउँमा यस विषयको विद्सित सम्पर्क गर्नुपर्छ ।

दोस्रो: यस सानो लेखमा मैले कुराको सार प्रस्तुत गरेको छु, यसर्थ यसमा गणित सम्बन्धि कुराहरू लेख्दा यो ठूलो किताब नै हुनजान्छ जुन मेरो उद्देश्य होइन, मेरो उद्देश्य मात्र यस विषयमा सामान्य ज्ञान प्रस्तुत गर्नु थियो जुन कदाचित पूर्ण भयो। अब अन्तमा अल्लाहसित यो याचना गर्दछु कि अल्लाह मेरो यस प्रयासद्वारा सबैलाई लाभान्वित हुने सुअवसर प्रदान गरुन्, र मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारलाई स्वर्गमा उच्च स्थान प्रदान गरुन् (आमीन)

***लेखक***

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं.४ छोट्की**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
**रिसर्च स्कालरः उम्मुल् कुरा विश्वविद्यालय**
**पवित्र मक्का सउदी अरब**
**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न**. 00966-0501372254